नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

मितिः २०७८/१२/२७

प्रेस विज्ञप्ति

हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) को यही २०७८ चैत्र २६ र २७ मा बसेको केन्द्रीय सचिवालयको विसौँ बैठकले आगामी बैसाख ३० मा हुने स्थानीय निर्वाचनका सम्बन्धमा निम्न निर्णय गरेको छ :

१. निर्वाचन घोषणा पत्र-२०७८ पारित

अगामी बैशाख ३० गते हुन गैरहेको स्थानीय तह निर्वाचनका सन्दर्भमा पार्टीले जारी गर्ने स्थानीय निर्वाचन घोषणा पत्र-२०७८ को मस्यौदामा छलफल गरी सुझावसहित पारित गरिएको छ ।

२. निर्वाचन परिचालन कमिटी गठन

पार्टी अध्यक्षध कमरेड माधवकुमार नेपालको संयोजकत्वमा केन्द्रीय कमिटी, तिनोटै केन्द्रीय आयोग, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्चका सबै पदाधिकारी एवं सदस्यहरु, केन्द्रीय परिषद् सदस्यहरु, प्रदेशका पदाधिकारीहरु, जिल्ला अध्यक्षहरु, जनसङ्गठनका केन्द्रीय पदाधिकारीहरु समेत रहेको ११११ सदस्यीय मूल निर्वाचन परिचालन कमिटी गठन गरिएको छ र महासचिव कमरेड डा. बेदुराम भुसालको संयोजकत्वमा क. प्रकाश ज्वाला, क. डा. गंगालाल तुलाधर, क. डा. विजय पौडेल, क. जगन्नाथ खतिवडा, क. जीवनराम श्रेष्ठ, क. विश्वनाथ प्याकुरेल, क. सोमप्रसाद पाण्डे, क. केदार सञ्जेल, क. सूर्य खत्री र क. द्रोणाचार्य क्षेत्री सदस्य रहनु भएको निर्वाचन परिचालन केन्द्रीय सचिवालय गठन गरिएको छ ।

३. मापदण्ड निर्धारण

आगामी स्थानीय निर्वाचनका लागि पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं छनोटका लागि निम्न प्रकारका मादण्ड तय गरिएको छ :

क. पार्टी नीति र कार्यक्रमप्रति प्रतिबद्ध रहेको ।

ख. पार्टीमा योगदान गरेको र विद्रोहमा भूमिका खेलेको ।

ग. पार्टीप्रतिको निष्टा र अनुशासनमा दृढ ।

घ. आर्थिक एवं नैतिक आचरण राम्रो रहेको ।

ङ. जनतामा स्थापित एवं लोकप्रिय ।

च. स्वच्छ छवी भएको र सुशासनको पक्षपाति ।

छ. कार्यक्षमता राम्रो भएको ।

ज. समावेशीतालाई ध्यान दिने ।

४. सिफारिस एवं निर्णय प्रक्रिया निर्धारण

आगामी स्थानीय निर्वाचनका लागि पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं निर्णय गर्ने प्रकृया निम्नानुसार तय गरिएको छ :

क. वडा सदस्यको लागि पार्टी वडा कमिटीको सिफारिसमा पालिका कमिटीले निर्णय गर्ने ।

Min Bhawan, Aaloknagar, Bagmati Corridor, Kathmandu, Nepal
Tel: +977-1-4106302, 4106303, E-mail : info.cpnus@gmail.com
Website : www.cpnus.org.np

ख. वडा अध्यक्षको लागि पार्टी वडा कमिटी र पालिका कमिटीको सिफारिसमा जिल्ला कमिटीले निर्णय गर्ने ।

ग. गाउँ पालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुखको लागि पार्टी पालिका कमिटी र जिल्ला कमिटीको सिफारिसमा प्रदेश कमिटीले निर्णय गर्ने ।

घ. महानगरपालिका र उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखको लागि पार्टीको सम्बन्धित पालिका कमिटी, जिल्ला कमिटी र प्रदेश कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले निर्णय गर्ने ।

ङ . कुनै निर्णय विवादित भएमा एक तह माथिल्लो कमिटीले छानविन गरी फैसला गर्ने ।

च. सिफारिस गर्ने क्रममा सर्वसम्मति भएमा सोही नाम पठाउने र सर्वसम्मति नभएमा आकाङ्क्षीमध्ये कम्तिमा एक महिलासहित तीन जनाको नाम पठाउने ।

छ. उम्मेदवारसम्बन्धी निर्णय सकेसम्म कमिटीको पूर्ण बैठकबाट गर्ने, पूर्ण बैठक बस्न सम्भव नभएमा सचिवालयको बैठकबाट गर्ने ।

ज. गठबन्धन गर्दा हामीले पाएको स्थानमा सिफारिस भई आएका नाममध्येबाट उम्मेदवार चयन गरिने छ, अन्य दललाई परेका स्थानमा हाम्रा उम्मेदवार रहने छैनन् ।

५. समय तालिका निर्धारण

आगामी स्थानीय निर्वाचनका लागि पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं निर्णय गर्ने समय तालिका निम्नानुसार तय गरिएको छ :

क. वडा कमिटीले यही चैत्र ३० गतेभित्र सिफारिस गरिसक्ने ।

ख. पालिका कमिटीले आगामी वैसाख २ गतेभित्र निर्णय र सिफारिस गरिसक्ने ।

ग. जिल्ला कमिटीले आगामी वैसाख ४ गतेभित्र निर्णय र सिफारिस गरिसक्ने ।

घ. प्रदेश कमिटीले आगामी वैसाख ६ गतेभित्र निर्णय र सिफारिस गरिसक्ने ।

ङ. केन्द्रीय कमिटीले आगामी वैसाख ८ गतेभित्र निर्णय गरिसक्ने ।

(डा. बेदुराम भुसाल)
महासचिव